# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली,७ नं प्रदेश,नेपाल


आ.ले.प.०७४।०७५
च.नं.

**विषय :-जिवजन्तको कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना ।**

**दोश्रो पटक प्रकाशित मिति:२०७५।४।१**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित जिवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड,सिग,प्वाख,छाला वा यस्तै प्रकृतिको बस्तुको ब्यवसायिक उपयोग गरे बापतका स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम जिवजन्तु कर ठेक्कामा लगाउन सक्ने ब्यवस्था बमोजिम मिति २०७५।२।२३ गते बसेको नगरकार्यपालिकाको बैठक बाट उक्त कर संकलन गर्ने निर्णय भएको हुदा जिवजन्तु कर संकलन गर्न आगामी आ.व.०७५।०७६ का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक व्यक्ति,फर्म वा संघ संस्थाको जानकारीको लागि यो ७ दिने सिलबन्दि आहवानको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलका शर्तहरू**

१। हाड,सिग,प्वाखका लागि न्यूनतम ठेक्का अंक रू ५००००।(पचास हजार मात्र) कायम गरिएको छ ।
२। छालाका लागि न्यूनतम ठेक्का अंक रू ६०,०००। ( साठी हजार मात्र) कायम गरिएको छ ।
३। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७६ साल असार मसान्तसम्म कायम रहने छ
४। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।
५। वोलपत्र मिति २०७५।४।७ गते कार्यालय समयभित्र राजश्व शाखाबाट प्रति ठेक्का रू १०००। फिर्ता नहुने गरी खरीद गर्न सकिने छ ।
६। वोलपत्र मिति: २०७५।४।८ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७५।४।८ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।
७। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।
८। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०३०३००७१०२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्ने छ ।
९। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।
१०। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।
११। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ ।
१२। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन
१३। जुनसुकै अवस्थामा बजार वन्द हुनगएमा वा व्यापारिक संख्या घट्न गएमा सो अवधिको ठेक्का अंक मा छुट को लागि हक दावि गर्न पाईने छैन ।
१४। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

०७५।३।२२

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


नगर प्रमुख ५२०७७५,नगर- उपप्रमुख ५२०७७५,कार्यकारी अधिकृत:५२०४२९ ,आ.ले.प. ५२०७२९,फ्याक्स :५२०४२९,दमकल :१०१